अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा २०८० साल असार १० गते आईतबार गाउँपालिकाका उपाध्यक्ष श्री देवकी देवी बोहराले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

## अपिहिमाल गाउँपालिकाका उपाध्यक्ष श्री देवकी देवी बोहराबाट गाउँ सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०/०८१ को बजेट व्यक्तव्य

**सभाध्यक्ष महोदय,**

१. नेपालको संविधानको धारा २३० बमोजिम अपिहिमाल गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँ सभामा आगामी वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । प्राप्त उपलब्धीलाई संस्थागत गर्दै नागरिकको विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षालाई सम्बोधन गर्ने मूल ध्येयका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. नेपाली नागरिकको सार्वभौम अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनका क्रममा अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

३. समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पुरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु ।

४. आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका क्षेत्रको प्रवर्द्धन गर्ने, हरित अर्थतन्त्र विकास गर्ने, यूवालाई आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने स्रोत र साधनको प्रभावकारी एवम् परिणामुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व, पन्ध्रौं योजनाको प्राथमिकता, गाउँपालिकाको प्रथम आवधिक योजना, गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्रथमिकता उपर गाउँसभाका सदस्यबाट प्राप्त सुझाब र दिगो विकास लक्ष्य सहितका अन्तराष्ट्रिय प्रतिवद्धतालाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । राजनीतिक दल, निजी तथा सहकारी क्षेत्र, विद्वतवर्ग, संचार जगत र आम नागरिक लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

६. गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा समग्र विकास र समृद्धिका विविध क्षेत्रका थुप्रै कार्यहरू सम्पन्न गरी आम नागरिकहरुलाई सुशासन, विकास र परिवर्तनको आभास, जनतामा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारीको बोध गरेको छु । राजनीति दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, संचार जगत र आम गाउँपालिकावासी सबै नागरिकहरुको सहयोग र ऐक्यवद्धताबाट विद्यमान चुनौती सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

७. गाउँपालिकाबासी आम नागरिकलाई सर्वसुलभ सेवा प्रवाह, सुशासनको प्रत्याभूतिका साथै गाउँपालिकाको सामाजिक, आर्थिक तथा भौतिक विकास र आम नागरिकहरुको समृद्धिको परिकल्पना सहित आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम तर्जुमा गरी गाउँ कार्यपालिकाको तर्फबाट बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय गाउँ सभामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा साह्रै गौरवान्वित भएको छु।

**सभाध्यक्ष महोदय,**

**अब म, गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु**

८. चालु आर्थिक वर्षमा कूल गाउँपालिकाको जेठ मसान्त सम्मको खर्च रू. २२ करोड ५३ लाख, ९९ हजार अर्थात विनियोजनको ६४.९२ प्रतिशत भएको छ । गाउँपालिकाको जेठ मसान्त सम्मको कूल खर्च मध्ये चालु खर्च रू. १५ करोड, ४४ लाख, १३ हजार अर्थात विनियोजनको ६८.८८ प्रतिशत, पूँजीगत खर्च रू ७ करोड, ९ लाख, ८५ हजार अर्थात विनियोजनको ५७.७१ प्रतिशत खर्च भएको छ । गाउँपालिकाको कूल खर्च असार मसान्त सम्म ८० प्रतिशत हुने संशोधित अनुमान रहेको छ ।

९. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु खर्च, आर्थिक विकासमा रू. १ करोड, ६९ लाख, २५ हजार अर्थात विनियोजनको ५५.५९ प्रतिशत खर्च भएको छ । त्यस्तै सामाजिक विकासमा रू. ७ करोड ८५ लाख, २६ हजार अर्थात विनियोजनको ७२.२ प्रतिशत खर्च भएको छ । पूर्वाधार विकास तर्फ रू. ३६ लाख १४ हजार अर्थात विनियोजनको ७२.२८ प्रतिशत खर्च भएको छ । सुशान तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. १ करोड ७० लाख, २५ हजार अर्थात विनियोजनको ७४.०१ प्रतिशत खर्च भएको छ । श्रम तथा रोजगारी तर्फ ७० लाख, ४६ हजार अर्थात विनियोजनको ८३.८८ प्रतिशत खर्च

भएको छ । योजना तर्जुमा र कार्यान्यवन तर्फ ५९ लाख, ४७ हजार अर्थात विनियोजनको ९५.८५ प्रतिशत खर्च भएको छ ।

१०. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. ५७ लाख १८ हजार अर्थात विनियोजनको ७२.३८ प्रतिशत खर्च भएको छ । सामाजिक विकास तर्फ रू. १ करोड ४५ लाख ५१ हजार अर्थात विनियोजनको ४९.६५ प्रतिशत खर्च भएको छ । पूर्वाधार विकास तर्फ रू. ४ करोड, ७४ लाख, ३९ हजार अर्थात विनियोजनको ५७.९५ प्रतिशत खर्च भएको छ । वातावरण तथा जलवायु तर्फ १ लाख १७ हजार अर्थात विनियोजनको ५२.२६ प्रतिशत खर्च भएको छ । गरिबी निवारण तर्फ १ लाख ९२ हजार अर्थात विनियोजनको ९६ प्रतिशत खर्च भएको छ । श्रम तथा रोजगारी तर्फ ३ लाख अर्थात विनियोजनको १०० प्रतिशत खर्च भएको छ ।

११. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु र पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. २ करोड २६ लाख ४३ हजार अर्थात विनियोजनको ५९.०५ प्रतिशत खर्च भएको छ । सामाजिक विकास तर्फ रू. ९ करोड ३० लाख, ७८ हजार अर्थात विनियोजनको ६७.४२ प्रतिशत खर्च भएको छ । पूर्वाधार विकास तर्फ रू ५ करोड, १० लाख ५३ हजार अर्थात विनियोजनको ५८.७७ प्रतिशत खर्च भएको छ । सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. १ करोड, ७६ लाख ३५ हजार अर्थात विनियोजनको ७४.३१ प्रतिशत खर्च भएको छ ।

१२. चालु आर्थि वर्षको जेठ मसान्त सम्म गाउँपालिकाको राजस्व रू १५ लाख ६३ हजार अर्थात लक्ष्यको ६२.५२ प्रतिशत संकलन भएको छ । असार मसान्त सम्म लक्ष्यको ६५ प्रतिशत हुने अनुमान गरिएको छ । खास गरी गाउँपालिकाको क्षेत्र भित्र संचालन भईरहेका व्यापार व्यवसायहरू गाउँपालिकाको कार्यालयमा दर्ता तथा नविकरण नहुनु, देश व्यापीरूपमा आर्थिक गतिविधिमा आएको शिथिलता लगायत विविध कारणले राजस्व परिचालन कमजोर रहन गएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म, अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर संक्षेपमा प्रस्तुत गर्न चाहन्छुः**

१३. पूँजीगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन । आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी साधन स्रोत छर्ने प्रवृति रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको छ । स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

१४. गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुँदा सबै सेवाहरू एउटै स्थानबाट प्रवाहमा कठिनाई भएको छ । सार्वजनिक प्रशासनलाई साधन स्रोत सम्पन्न बनाउन नसक्दा व्यावसायिक, दक्ष र नतिजामूखी बनाई गाउँपालिकाको उद्देश्य प्राप्तिमा प्रभावकारी रूपमा परिचालन गर्नु चुनौतीपूर्ण रहेको छ ।

१५. गाउँपालिकाको लागि आवश्यक पर्ने जनशक्तिको परिपूर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित, विकास निर्माणका कार्यहरूमा तिव्रता दिई आशातित लक्ष्य हासिल गर्न चुनौतीपूर्ण रहेको छ ।

१६. भौगोलिक जटिलताका कारण गाउँपालिकाको सदरमुकाम लगायत सबै वडा कार्यालयको सदरमुकाम सम्म सडक संजालबाट जोड्न ठूलो आर्थिक स्रोतको आवश्यकता पर्ने भएकाले उक्त स्रोतको व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ ।

१७. वडा नं. ५ को बस्ती बाहेकका अन्य वडा तथा वस्तीहरूमा राष्ट्रिय प्रसारण लाइनको विद्युत जडान हुन सकेको छैन । गाउँपालिकाका सबै बस्तीहरूमा विद्युतीकरण गरी दीगो उर्जाको सुनिश्चतता गर्नु चुनौतीपूर्ण रहेको छ ।

१८. चालु आर्थिक वर्ष राजस्व संकलन लक्ष्य भन्दा कम छ । राजस्व प्रणालीमा सुधार, करको दायरा विस्तार गरी राजस्व परिचालनमा बृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । गाउँपालिका भित्रका कच्चा पदार्थको उपयोग गरी उद्यमशिलताको अभिबृद्धि, श्रमको सम्मान गर्ने संस्कृती, गाउँपालिका भित्रका यूवाहरूलाई बिदेश पलायन हुनबाट रोकी आन्तरिक उत्पादनलाई प्रभावकारी बनाई गाउँपालिकाको आर्थिक समबृद्धि हासिल गर्ने चुनौती हाम्रो सामु रहेको छ ।

१९. गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउन नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य भेट्टाउन नसकिने भएको छ । संघ तथा प्रदेश सरकारको अनुदानमा आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्दा समय-समयमा अनुदानमा

कटौती गरिदै आएकाले गाउँपालिकालाई आर्थिक दायित्व बढ्दै गएको छ । सो दायित्व व्यहोर्न आवश्यक स्रोतको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

२०. पर्यटकीय दृष्टिकोणमा गाउँपालिका उत्कृष्ट गन्तव्य हुँदा हुँदै पनि सीमित स्रोत साधनका कारण आवश्यक पर्यटकीय पूर्वाधारहरुको निर्माण, पर्यटकीय गन्तव्यहरूको बारेमा पर्याप्त प्रचार-प्रसार, पर्यटन व्यावसायका सम्बन्धमा गाउँपालिकाका वडा, टोल, बस्तीहरूमा सचेतनात्मक तथा जानकारीमूलक कार्यक्रमहरू लगायत संचालन हुन नसक्दा अपेक्षित रूपमा आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिएको छैन । पर्यटन क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

२१. माथि उल्लिखित चुनौतीका बाबजुद गाउँपालिकाले लिएको पहलकदमीले गाउँपालिकाको आर्थतन्त्रमा सकारात्मक संकेत देखिन थालेका छन । चालु आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासको तुलनामा पछिल्लो त्रैमासमा आर्थिक क्रियाकलाप विस्तार भएको छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने आयोजना तथा कार्यक्रमहरु निर्माण सम्पन्न भएका छन । गाउँपालिकाबाट लक्षित वर्ग, विभिन्न पेशा, व्यावसायमा संलग्न भएका तथा नयाँ पेशा व्यवसाय अबलम्बन गर्न चाहने ईच्छुक गाउँपालिकाबासीहरुलाई सीप विकास तालिम र आवश्यक प्रविधिहरू अनुदानमा दिई आर्थिक क्रियाकलापमा बढोत्तरी हुँदै गएको छ । आगामी दिनमा नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी अर्थतन्त्रलाई लयमा फर्काउन गाउँपालिका सरकार दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहान्छु ।

२२. गाउँपालिका क्षेत्रभित्रका बनजन्य कच्चा पदार्थ, कृषि जन्य कच्चा पदार्थहरूको प्रशोधन गरी उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गर्ने, पर्टकीय पूर्वाधारको निर्माणमा जोड तथा पर्यटकीय गन्तव्यको प्रचार प्रसार एवं पर्यटन व्यावसायको सम्बन्धमा जानकारीमूलक कार्यक्रम संचालन, कृषि तथा पशुपंछि विकासको क्षेत्रमा उन्नत प्रविधिको प्रयोगमा प्रोत्साहन गरी गाउँपालिकाको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा राखेको छु ।

२३. साधारण खर्चलाई वाञ्छित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वाजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सघाउ पुग्ने अपेक्षा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

२४. माथि उल्लिखित चुनौती र अवसरलाई मनन गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्ने तर्फ जोड दिएको छु । सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्नुका साथै उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरीब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

**आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन् :-**

२५. "सुन्दर, समृद्ध र विकसित अपिहिमाल" निर्माण गर्ने ध्येयका साथ बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेको छुः

(क) कृषि, लघु उद्योग र सेवा क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरी उच्च, दिगो र समावेशी आर्थिक बृद्धि हासिल गर्ने ।

(ख) गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने ।

(ग) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा लगानी तथा क्षमता अभिबृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर सिर्जनामार्फत गरिबी न्यूनीकरण गर्ने ।

(घ) उपलब्ध स्रोत साधनको समन्यायिक तथा अधिकतम परिचालनबाट सन्तुलित, समावेशी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने।

(ङ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने ।

**बजेटका प्राथमिकताहरू निम्मानुसार रहेका छन :-**

२६. बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छुः

(क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरण ।

(ख) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा दिगो सदुपयोग ।

(ग) स्वदेशी तथा स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र पर्यटन प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना र गरिबी निवारण ।

(घ) दिगो, गुणस्तरीय र प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण ।

(ङ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच ।

(च) गुणस्तरीय शिक्षा, खेलकूद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकास ।

(छ) आर्थिक, सामाजिक, राजनीति र सांस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकास ।

(ज) गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच र सुशासन अभिवृद्धि ।

**सभाध्यक्ष महोदय,**

**अब म बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।**

२७. बजेट तर्जुमा गर्दा देहायका बमोजिम आधारहरु लिएको छु ।

(क) नेपालको संविधान र संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु।

(ख) संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची।

(ग) दिगो विकासका लक्ष्यहरु ।

(घ) स्थानीय सरकार संचालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन ।

(ङ) नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु ।

(च) संघीय सरकारको १५ औं योजना, सुदुरपश्चिम प्रदेश सरकार र अपिहिमाल गाउँपालिकाको आवधिक योजना ।

(छ) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन ।

(ज) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सृजित दायित्व ।

(झ) प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु ।

(ञ) एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ।

(ट) अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम ।

(ठ) गाउँपालिकाका जनप्रतिनिधि, राजनीति दल, विषयगत शाखा, निजी क्षेत्र, संचार जगत, बुद्धिजिवि वर्गबाट प्राप्त राय सुझावहरू समेटी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम सुधार प्रस्ताव गरेको छु ।**
**बजेट प्रणालीमा सुधार र पूँजीगत खर्चको प्रभावकारिता**

२८. आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्र पनि ठूला तथा रणनीतिक महत्त्वका, छिटो प्रतिफल दिने र बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई रकम छुट्टयाएको छु ।

२९. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना असार मसान्तभित्र नै तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ । कार्ययोजनाको गाउँपालिकाको कार्यालयबाट नियमित अनुगमन गरिनेछ ।

३०. आयोजना कार्यान्वयनका लागि कार्तिक महिना भित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्नेछ । आयोजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई गरी आर्थिक वर्षको अन्तिममा कार्यान्वयन गर्ने प्रवृत्तिलाई कडाईका साथ निरूत्साहित गरिनेछ ।

३१. निर्माण व्यवसायलाई सक्षम, पारदर्शी र व्यवस्थित बनाइने छ । निर्माण व्यवसायिलाई जिम्मेवार बनाईनेछ, लिएको ठेक्का सम्झौताको विवरण र कार्य प्रगतिको गाउँपालिकाको कार्यालयबाट नियमित अनुगमन गरिनेछ । अनुगमनबाट गम्भिर प्रकृतिका लापरवाही देखिएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यस्था गरिनेछ ।

३२. खर्च गर्ने क्षमता वृद्धि गर्दै लगिनेछ । आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न सम्बन्धित प्रमुखलाई जिम्मेवार बनाईनेछ । आयोजनाको अनुगमन प्रणालीलाई सुधार गरी नतिजामा आधारित बनाईनेछ । अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ ।

३३. सडक, पुल, बाटो, विद्यालय, स्वास्थ्य संस्था लगायत आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी आयोजनाको छनौट र कार्यान्वयन गरिनेछ ।

**साधारण खर्चमा मितव्ययिता**

३४. गाउँपालिकाको वडा नं. ३ को पाथा र वडा नं. ५ को सौगन्नाबाट संचालन भइरहेका आयुर्वेद औषधालयका शाखाहरूलाई गाउँपालिकामा रहेको आयुर्वेद औषधालयमा गाभिनेछ । सबै वडामा गाउँपालिकामा रहेको आयुर्वेद औषधालयबाट नै सेवा प्रवाह हुने गरी व्यवस्था मिलाईनेछ ।

३५. वडा तथा गाउँपालिकाको कार्यालय सम्बन्धी समान, प्रशासनिक खर्च, वडा तथा गाउँपालिकाको चालु खर्च लगायतमा मितव्ययिता कायम गरिनेछ । गाउँपालिकाबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य आन्तरिक तथा बाह्य भ्रमणलाई निरूत्सहित गरिनेछ ।

३६. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सोही अनुसार गाउँपालिकाको विद्यमान संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ । स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा सेवा करार लिन नपाइने व्यवस्था गरेको छु ।

**आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन**

३७. अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्ने आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने छ । यो सुधार मूलतः अर्थतन्त्रमा प्रतिस्पर्धात्मक क्षमताको विकास, कार्यकूशलता अभिवृद्धि, संस्थागत सुदृढीकरण, गाउँपालिकामा सूचना प्रविधि तथा नवप्रवर्तन, उद्योग स्थापनामा प्रोत्साहनमा केन्द्रित हुनेछ ।

३८. व्यवसायमैत्री वातावारण सिर्जना गरी निजी क्षेत्रको मनोबल बढाइने छ । लगानी विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न क्षेत्रगत रूपमा नीतिगत र प्रक्रियागत सुधारको प्रस्ताव गरेको छु ।

३९. प्राथमिकीकरण नगरी साना आयोजना तथा कार्यक्रमहरूमा स्रोत साधन छर्ने प्रवृत्ति रोक्ने प्रयासका बाबजुद सीमित स्रोत तथा बढ्दो माग र अपेक्षाका कारण पूर्ण रूपमा रोक्न सकिएको छैन । आगामी आर्थिक वर्षमा कार्यक्रम र आयोजनको औचित्य तथा आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गरिनेछ ।

४०. माथि उल्लेखित नीतिगत तथा संरचनागत सुधारले बजेट विनियोजनको प्रभावकारिता बढ्ने र अर्थतन्त्र तथा गाउँपालिकाको विकास गतिशील हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष मोहदय,**

**अब म, आगामी आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

<u>**आर्थिक विकास तर्फ**</u>

४१. आधुनिक र व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी स्थानीय समुदायहरुको आर्थिक तथा सामाजिक विकासमा विशेष जोड दिईने छ । सरकारी निकायहरु, दातृ निकायहरु एवं गैरसरकारी संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा "एक गाउँ, एक उत्पादन" कार्यक्रम कृषि क्रान्तिको रुपमा संचालन गरिने छ । यस अन्तरगत व्यवसायिक फलफुल खेति, तरकारी खेति, रैथाने बाली प्रबर्द्धन, मसला खेती, भेडा, बाख्रापालन, बंगुरपालन, कुखुरापालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायका लागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन र विकास गर्न विशेष जोड दिईनेछ, साथै यस्ता क्रियाकलापमा यूवा जनशक्तिलाई आवद्ध गराई रोजगारी सृजनाका साथै उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड दिईनेछ ।

४२. कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण तथा उपजको भण्डारण र बजारीकरणको समुचित प्रबन्ध मिलाइनेछ । खाद्य तथा पोषण सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

४३. **रैथानेमा गर्व गरौं** भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बिऊ संरक्षण गरी खेती विस्तार गरिनेछ ।

४४. कृषि तथा पशुपालन पेशा व्यवसायमा आवद्ध कृषकहरूलाई प्रोत्साहन गरिने छ । आगामी आर्थिक वर्षमा कृषि तथा पशुपंछी व्यवसायमा आवद्ध कृषकहरूबाट उत्कृष्ट कृषक छनौट गरी गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार दिइनेछ ।

४५. अध्यक्ष नमूना कृषक कार्यक्रम अन्तरगत मसलावाली पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम संचालन गरी समुदायको पोषण तथा जिविकोपर्जन सुधारका लागि एक वडा एक कृषि उत्पादन कार्यक्रम संचालन गरिनेछ । यसका लागि रू. ३० लाख विनियोजन गरेको छु ।

४६. युवा स्वरोजगार कोषसँगको साझेदारीमा व्यवसाय गर्न ईच्छुक यूवाहरूलाई अध्यक्ष कृषक कार्यक्रम अन्तरगत यूवाहरूलाई व्यवसायिक कृषि पेशामा आवद्ध गर्नका लागि न्यून व्याजदरमा रू २ लाख सम्म ऋणको व्यवस्था गरेको छु । यसका लागि रू. ६० लाख विनियोजन गरेको छु ।

४७. गाउँपालिकाको क्षेत्रभित्र हुने कृषि उत्पादन, ढुवानी, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणका लागि अर्गानिक अपिहिमाल कार्यक्रम संचालनमा ल्याइने छ । यसका लागि रू. ८ लाख विनियोजन गरेको छु ।

४८. रैथाने बालीको संरक्षण, मसला बाली प्रवर्धन, कृषि तथा पशु जन्य रोगको नियन्त्रणका लागि आवश्यक औषधि, कृषि शिविर, उत्कृष्ट कृषक पुरस्कार, दुध डेरी, मासुमा आत्मनिर्भर लगायतका कार्यक्रम संचालन गरिनेछ । यसका लागि रू १० लाख ५० हजार विनियोजन गरेको छु ।

४९. संघीय सरकारको सशर्त अनुदान तथा गाउँपालिकाको साझेदारीमा गाउँपालिकास्तरीय गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ । यसका लागि गाउँपालिकाको तर्फबाट रू. ५ लाख विनियोजन गरेको छु ।

५०. आगामी आर्थिक वर्षलाई पर्यटन वर्षका रूपमा मनाइनेछ । पर्यटन पूर्वाधर निर्माण, पर्यटन नक्सांकन, पर्यटन सम्बन्धी डकुमेन्ट्री निर्माण गाउँपालिका गौरवको आयोजना भित्र रहेको प्राचिन स्याउजे मन्दिरको निर्माण, चमेलिया नदी स्वच्छता अभियान लगायतका कार्यक्रमहरू संघ र प्रदेश सरकारको साझेदारीमा गरिनेछ । यसका लागि रू. ६२ लाख विनियोजन गरेको छु ।

५१. सम्भाव्य देखिएका गाउँपालिका भित्रका धार्मिक, पर्यटकीय स्थल एवं संस्कृतिको अभिलेखिकरण, पूर्वाधार निर्माण, संरक्षण र प्रचार प्रसार गरिनेछ । प्रदेश सरकारको विशेष अनुदानमा गाउँपालिकाको पर्यटकीय, कला, संस्कृतिको पहिचानलाई स्थापना गर्न कला संस्कृति संग्राहलयको निर्माण गरिनेछ । यसका लागि रू. ४० लाख विनियोजन गरेको छु ।

५२. सहकारीलाई उत्पादनमूलक बनाई सहकारीको माध्यमबाट तरुण स्वरोजगार कार्यक्रम संचालन गरी आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकासित गर्ने नीति लिइने छ । सहकारीहरुको क्षमता विकास, विस्तार र नियमन तथा सहकारीबाट पूँजी निर्माण गरी रोजगारी श्रृजना गर्न सक्ने नीति लिइने छ । यसका लागि रू. १ लाख ५० हजार विनियोजन गरेको छु ।

**सामाजिक विकास**

५३. गुणस्तरीय शिक्षामा आम गाउँपालिकाबासीको पहुँच बढाई शिक्षित र मर्यादित समाजको विकास गरिनेछ । शिक्षालाई जीवनोपयोगी, आधुनिक, विज्ञान प्रविधिमा आधारित, व्यावसायिक बनाइनेछ।

५४. यूवा जनशक्तिलाई गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा परिचालन गरिनेछ । उद्यमशीलता विकास एवं वित्तीय स्रोत-साधनमा पहुँच अभिवृद्धि गरी युवालाई गाउँपालिकाको उत्पादन प्रणालीमा आवद्ध गरिनेछ ।

५५. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइ थप व्यवस्थित बनाईने छ । गाउँपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा समुदायमा संचालित प्रारम्भिक बालविकास कक्षाहरुलाई निरन्तरता दिदै थप व्यवस्थित गर्दै लगिनेछ । अल्पसंख्यक विद्यार्थीलाई दिइएको छात्रवृत्तीलाई निरन्तरता दिएको छु । आहा नमूना डिजिटल कक्षा कार्यक्रमलाई निरन्तरता दिएकोछु । आवश्यकताका आधारमा सामुदायिक विद्यालयहरुको अनुदान कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । साथै गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप खेलकूद प्रतियोगिता व्यवस्थित र भव्यरुपमा आयोजना गरी सम्पन्न गरिनेछ । जसका लागि रू २ करोड ४१ लाख ४४ हजार विनियोजन गरेको छु ।

५६. संघीय सरकारको विशेष अनुदानमा यस गाउँपालिकाको वडा नं. ४ मा अवस्थित श्री खण्डेश्वरी माध्यमिक विद्यालयलाई गाउँपालिकाकै नमूना केन्द्रको रूपमा स्थापना गर्न सुविधा सम्पन्न भवन निर्माण गरिने छ । यसका लागि रू १ करोड १५ लाख विनियोजन गरेको छु ।

५७. नेपाल सरकारको सर्शत अनुदान अन्तरत यूवा क्लव गठन तथा नमून संसद अभ्यास कार्यक्रम, यूवा स्वयम् सेवक विकास र परिचालन, यूवा मैत्री स्थानीय शासनका लागि यूवाका मुद्दाम बहस पैरवी कार्यक्रम प्रभावकारी रूपमा संचालन गरिने छ । यसका लागि रू १० लाख वनियोजन गरेको छु ।

५८. गुणस्तरीय स्वास्थ्य उपचारः जनताको अधिकार भन्ने नाराका साथ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । विशिष्टिकृत स्वास्थ्य सेवामा गाउँपालिकाबासीको पहुँच बढाइनेछ । स्वास्थ्य शिक्षा र जनचेतनाको माध्यमबाट नागरिकको स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ ।

५९. नेपाल सरकारले निशुल्क गरेका सबै औषधि तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क र सर्वसुलभ रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । स्वास्थ्य सेवालाई सर्वसुलभ, कानुनी तथा संवैधानिक अधिकारको प्रत्याभूत गर्न विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन, टेली हेल्थ, टेली मेडिसिन, आवश्यक औषधिको व्यवस्थापन महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई प्रोत्साहन, खोपको ढुवानी, एकीकृत पोषण तथा सरसफाई, नसर्ने रोगको स्क्रिनिङ लगायतका कार्यक्रमहरू संचालनमा विशेष जोड दिइनेछ । यसका लागि रू. २१ लाख ६० हजार विनियोजन गरेको छु ।

६०. गाउँपालिकाबासीलाई शारीरिक व्यायाम, योग र आरोग्य विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिनेछ ।

६१. गाउँपालिकामा रहेको आर्युर्वेद औषधालयलाई व्यवस्थित बनाई आवश्यक आयुर्वेदिक तथा शक्तिवर्द्धक औषधिको व्यवस्थापन गर्न, योग शिविरको संचालन लगायतका कार्यक्रम संचालन गरिनेछ । यसका लागि रू. ५ लाख विनियोजन गरेको छु ।

६२. वहुक्षेत्रीय पोषण कार्यक्रम "उपाध्यक्ष कोशेली कार्यक्रम" को रुपमा संचालन गरिनेछ । यस अन्तरगत सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, घरघर करेसावारी, एकलमहिला-सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रू. ११ लाख ५० हजार विनियोजन गरेको छु ।

६३. लोकसंस्कृति, भाषा, भेषभुषा, चालचलनहरूको संरक्षण गरिनेछ । साथै स्थानीय कला, संस्कृतिको संरक्षण, संम्बर्द्धन र विकासका लागि समय सापेक्ष विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ । परम्परागत मेला, जात्रा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी वनाईनेछ । यसका लागि रू ८ लाख विनियोजन गरेको छु ।

६४. महिलाको आर्थिक सशक्तिकरण वृद्धि गर्न उद्यमशीलता प्रवर्द्धन गरिनेछ । वालविवाह, वहुविवाह, कुरीति, कुप्रथा र अन्धविश्वासबाट समाजलाई मुक्त गर्न सामाजिक जागरण अभियान एवं सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६५. सामाजिक सुरक्षाका कार्यक्रम संचालनका लागि दिगो स्रोत व्यवस्थापनको नीति लिइनेछ । हाल संचालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइने र लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउँदै लगिनेछ । **ग र घ** वर्गका अपाङ्गता भएका व्यक्तिलाई दिईने सामाजिक सुरक्षा भत्ता र एकल पुरूष (विदुर) भत्तालाई निरन्तरता दिएको छु । स्रोतको विस्तारसँगै सुविधा र दायरा विस्तार गर्दै लगिनेछ ।

६६. महिला सशक्तिकरण, एकल महिला कार्यक्रम, अपांगता भएका व्यक्तिहरूको जिविकोपार्जन, अध्यक्षसँग जेष्ठ नागरिक दलित उत्थान तथा दिवस समारोह, उपाध्यक्षसँग एकल महिला कार्यक्रम लगायतका कार्यक्रमहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । समाजमा रहेका कूरीति, कूसंस्कार, लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम तथा अभियान संचालन गरिनेछ । यसका लागि रू १८ लाख विनियोजन गरेको छु ।

६७. सबै गाउँपालिकाबासीलाई आधारभूत खानेपानी सेवाको पहुँच पुऱ्याई गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै लगिनेछ । एक घर एक धाराको लक्ष्य प्राप्त गर्ने गरी खानेपानी आयोजना तथा कर्यक्रम संचालन गरिनेछ ।

६८. बिभिन्न संघ संस्थाहरूसँगको सहकार्यमा हुने कार्यक्रमहरूलाई निरन्तरता दिई थप व्यवस्थि वनाउदै लगिने छ । यसका लागि समेत आवश्यक बजेटको व्यवस्था गरिने छ ।

६९. सबैका लागि शुद्ध र स्वच्छ खानेपानी व्यवस्थापन गर्न प्रदेश सरकारसँगको साझेदारीमा पालिकावासीहरूलाई स्वच्छ र सफा पानीको आपूर्ति गर्न "एक घर एक धारा" कार्यक्रमलाई निरन्तरता दिएको छु । एन-वास कार्यक्रम, वास युनिटको क्षमता अभिवृद्धि कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिने छ । यसका लागि रू ४२ लाख विनियोजन गरेको छु ।

७०. गाउँपालिका अन्तर्गत रहेका भूमिहिन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबसीहरू पहिचान तथा तथ्यांक अद्यावधिक गर्ने, जग्गाको नापजाँच र जग्गाधनि पूर्जा वितरणका लागि आवश्यक पहल गरिनेछ । यसका लागि रू ५ लाख विनियोजन गरेको छु ।

**पूर्वाधार विकास**

७१. सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिक रूपमा गतिशिल पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।

७२. संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको वडा नं. ५ को मकरीगाड जोड्ने सडक मर्मत, झोलुङ्गेपुल निर्माण गर्न आवश्यक पहल गरिनेछ । सार्वजनिक पूर्वाधार निर्माणमा संलग्न प्राविधिक कर्मचारी, उपभोक्ता समिति तथा मिस्त्रीहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ । यसका लागि रू २९ लाख विनियोजन गरेको छु ।

७३. संघीय सरकारको समपूरक अनुदान र गाउँपालिकाको साझेदारीमा वडा नं. १ र ३ का वडा कार्यालयका भवन निर्माण गरिनेछ । यसका लागि रू १ करोड ४० लाख विनियोजन गरेको छु ।

७४. संघीय सरकार र गाउँपालिको साझेदारीमा निर्माणाधिन रहेको गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरिने छ । यसका लागि गाउँपालिकाबाट व्यय हुने गरी रू २ करोड ५० लाख विनियोजन गरेको छु ।

७५. गाउँपालिका अन्तर्गत संचालनमा रहेका पुलहरुको संरक्षण तथा आवश्यकता र सम्भाव्यताका आधारमा ठूला-साना झोलुंगे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि रू १५ लाख विनियोजन गरेको छु ।

**श्रम तथा रोजगारी,**

७६. श्रमको सम्मान अपिहिमालको अभियान भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ । असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

७७. गाउँपालिका भित्रका रोजगार विहिनहरूको तथ्यांक संकलन गरी उनीहरूको सीप, योग्यता र दक्षता अनुसार रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ । ६० देखी ६७ वर्ष उमेर समूहका नागरिकहरूलाई समेटी "अध्यक्ष स्वरोजगार" कार्यक्रम संचालन गरिने छ । यसका लागि रू. २५ लाख विनियोजन गरेको छु ।

७८. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार प्रणालीमा प्रविष्टी गरी रोष्टरमा रहेका रोजगार विहिनहरूलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चत गरिने छ । यसका लागि रू ७५ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**विपद व्यवस्थापन,**

७९. विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ र राहत उद्दार तथा पुनर्स्थपना, विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ । यसका लागि रू २८ लाख विनियोजन गरेको छु ।

**वन तथा वातारण,**

८०. वन, जैविक विविधता र जलाधार व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ । वन सम्पदाको दिगो उपयोग र वनजन्य उद्यम विकास गर्दै गाउँपालिकाको अर्थतन्त्रमा यसको योगदान बढाइनेछ । यसका लागि रू. ४ लाख विनियोजन गरेकोछु ।

**वडागत योजना तथा कार्यक्रम,**

८१. यस गाउँपालिकाका ६ वटै वडा कार्यालयको व्यवस्थापन, दिवस समारोह, कार्यक्रमगत खर्चका लागि प्रतिवडा रू ३ लाखका दरले जम्मा रू. १८ लाख विनियोजन गरेको छु । साथै ६ वटै वडाको वडागत योजना तथा कार्यक्रम संचालनका लागि ५० लाख बजेट विनियोजन गरेको छु।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र,**

८२. गाउँपालिकाको प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाइनेछ । नतिजामा आधारित कार्यसम्पादन प्रणालीको विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममुखी बनाइनेछ।

८३. भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइनेछ । भ्रष्टाचार, अनियमितता तथा सरकारी सम्पत्तिको दुरुपयोग गर्नेलाई कानुनी कारवाहीको दायरामा ल्याइने छ ।

८४. समुदायमा हुने विभिन्न खालका घटना तथा मुद्दा मामिलाहरु यथासमयमा निष्पक्ष र न्यायोचित ढंगबाट निरोपण गरी नागरिकलाई सुशासन र न्यायको प्रत्याभूति दिलाउन गाउँपालिकाको न्यायिक समिति तथा सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गर्दै उनीहरुको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । यसका लागि रू. ५ लाख विनियोजन गरेको छु ।

८५. गाउँपालिका अन्तर्गत शान्ति, अमनचयन र नागरिकको जीउधनको सुरक्षाको निमित्त गाउँपालिका क्षेत्रभित्रका स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशिल र जनमुखी बनाइनेछ । यसका लागि रू. १ लाख विनियोजन गरेको छु ।

८६. कानून बमोजिम गाउँपालिकाबाट उठाइने मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरी राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइने छ । यसका लागि रू ६ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

८७. आर्थिक वर्ष २०७८/७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय र व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

८८. आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट कृषि तथा पशुपन्छी, पर्यटन, पूर्वाधार निर्माण र शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक क्रियाकलाप गतिशिल हुने, थप रोजगारीका अवसर सिर्जना हुने, गुणस्तरीय शिक्षा तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि हुने, गरिबी निवारणमा योगदान पुग्ने अपेक्षा लिएको छु ।

८९. बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष, विषयगत समितिका संयोजक, जनप्रतिनिधिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मैले यस गरिमाय सभामा पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।

९०. बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचानात्मक सुझाव दिनुहुने राजनीति दल, संघीय तथा प्रदेश सभाका सदस्यज्यू, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, संचार जगत र देश विदेशमा रहनु भएका गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

९१. आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभूत गर्दै समुन्नत अपिहिमाल निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्याव्यिनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

९२. अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन र अनुगमन मूल्यांकनबाट मात्र "सुन्दर, समृद्ध र विकसित अपिहिमाल" निर्माण गर्ने गाउँपालिका सरकारको दीर्घकालिन सोचलाई साकार पार्न सकिन्छ । बजेट कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक आव्हान गर्दछु । सबै दिदिबहिनी तथा दाजुभाईहरुलाई अपिहिमाल गाउँपालिकाको विकास प्रयासमा सरिक भई नागरिकको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

मिति २०८० असार १० गते

अनुसूची-१
अपिहिमाल गाउँपालिका
खण्डेश्वरी, दार्चुला
आय र व्यको अनुमान
आर्थिक वर्ष २०८०/०८१

| | | | | रू. हजारमा |
|---|---|---|---|---|
| क्र.सं. | बजेटका स्रोतहरु | २०७८-७९ को यथार्थ | २०७९-८० को संसोधित | २०८०-८१ को अनुमान |
| क | **राजस्व तथा अनुदान** | ३००१२३ | ३५५२३६ | ३१२७७२ |
| १ | आन्तरिक आय | २०११ | २५०० | २६८४ |
| २ | राजस्व  बाँडफाँडबाट प्राप्त आय | ४७४९३ | ६९७८० | ६८४१३ |
| | नेपाल सरकार | ४६६३९ | ६८६९६ | ६७३१३ |
| | प्रदेश सरकार | ८५४ | १०८४ | ११०० |
| ३ | रोयल्टी बाँडफाडबाट प्राप्त राजस्व | २८३ | ७२० | ७२० |
| | वन रोयल्टी | २८० | ७०० | ७०० |
| | खानी रोयल्टी | ० | ० | ० |
| | विधुत रोयल्टी | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | २ | २० | २० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | २३१०८३ | २५६४९१ | २०९१०० |
| | वित्तीय समानीकरण अनुदान | ७४३०० | ८०९०० | ७२८०० |
| | सशर्त अनुदान | १३६५४९ | १३५५९१ | ११७८०० |
| | विशेष अनुदान | १४२०१ | ३५००० | ११५०० |

| | | | | |
|---|---|---|---|---|
| | समपुरक अनुदान | ६०३३ | ५००० | ७००० |
| ५ | **सुदुरपश्चिम प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ९९५९ | ९२४० | २०४१४ |
| | वित्तीय समानीकरण अनुदान | ५०८२ | ५३४० | ५६१४ |
| | सशर्त अनुदान | २४७५ | ० | ४३०० |
| | विशेष अनुदान | २४०२ | २५०० | १०५०० |
| | समपुरक अनुदान | ० | १४०० | ० |
| ६ | **अन्य अनुदान** | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तहबाट साझेदारी रकम** | ० | ० | ० |
| ८ | **जनसहभगिता** | ० | ० | ० |
| ९ | **नगद मौज्दात** | ९२९५ | १६५०५ | ११४४१ |
| ख | **व्यय** | २८३६४८ | २२५३९९ | ३१२७७२ |
| १ | चालु खर्च | १८५४२८ | १५४४१३ | २१५४४७ |
| २ | पुँजीगत खर्च | ९८२२० | ७०९८५ | ९७३२५ |
| संघीय अनुदान तर्फ | | २२१५५० | १७८७९४ | २०९१०० |
| १ | वित्तीय समानिकरण | ६४७२९ | ५२०४३ | ७२८०० |
| २ | सशर्त अनुदान | १३६५८७ | ११२०७१ | ११७८०० |
| ३ | विशेष अनुदान | १४२०१ | १२६७१ | ११५०० |
| ४ | समपुरक अनुदान | ६०३३ | २००९ | ७००० |
| प्रदेश अनुदान तर्फ | | ८०३८ | ६१०४ | २०४१४ |

| | | | | |
|---|---|---|---|---|
| १ | वित्तीय समानिकरण | ३१६२ | २४३६ | ५६१४ |
| २ | सशर्त अनुदान | २४७५ | ० | ४३०० |
| ३ | विशेष अनुदान | २४०१ | २३५२ | १०५०० |
| ४ | समपुरक अनुदान | ० | १३१६ | ० |
| राजस्व बाडफाँड | | ५४०५५ | ५६९१४ | ८३२५८ |
| १ | संघ | ४४०५५ | ४०७१२ | ६७३१३ |
| २ | प्रदेश | ३०० | ७४२ | ११०० |
| ३ | रोयल्टी बाडफाँड | ० | ० | ७२० |
| ४ | आन्तरिक (अ.ल्या र राजस्व सहित) | ९७०० | १५४६० | १४१२५ |

**आर्थिक वर्ष २०८०|०८१ का लागि विषयगत शाखा, वडा कार्यालयका लागि निर्धारण गरिएको बजेट सीमा (शसर्त अनुदान बाहेक)**

**बजेट रु. हजारमा**

| **क्र.सं.** | **शीर्षकको नाम** | **संख्या** | **दर** | **जम्मा** |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | १ | ७२४०७ | ७२४०७ |
| २ | शिक्षा, युवा तथा खेलकूद शाखा | १ | २४१४४ | २४१४४ |
| ३ | जनस्वास्थ्य शाखा | १ | १५०० | १५०० |
| ४ | आयुर्वेद शाखा | १ | ५०० | ५०० |
| ५ | कृषि विकास शाखा | १ | ५२५ | ५२५ |
| ६ | पशुपंक्षी तथा मत्स्य विकास शाखा | १ | ५२५ | ५२५ |
| ७ | महिला तथा बालविकास शाखा | १ | १८०० | १८०० |
| ८ | सूचना तथा प्रविधि शाखा | १ | १००० | १००० |
| ९ | पूर्वाधार विकास शाखा | १ | १२०० | १२०० |
| १० | बन तथा वातावरण | १ | ४०० | ४०० |
| ११ | खानेपानी, सरसफाई तथा सहकारी | १ | ८५० | ८५० |
| १२ | **वडास्तरीय योजना तथा कार्यक्रम (६ वटै वडा)** | **१** | **६८००** | **६८००** |
| १३ | राजश्व सम्बन्धी कार्यक्रम | १ | ६०० | ६०० |
| १४ | अध्यक्ष रोजगार कार्यक्रम | १ | २५०० | २५०० |
| १५ | आ.व. २०७९/८० को दायित्व | १ | १००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | घरेलु तथा लघुउद्यम प्रवर्द्धन कार्यक्रम | १ | ५०० | ५०० |
| १७ | न्यायिक समिति | १ | ५०० | ५०० |
| १८ | भाषा तथा संस्कृती प्रवर्धन | १ | ३०० | ३०० |
| १९ | अर्ग्यानिक अपिहिमाल कार्यक्रम (कृषि र पशुपंछी) | १ | ८०० | ८०० |
| २० | जात्रा व्यवस्थापन | १ | ५०० | ५०० |
| २१ | भूमि सेवा केन्द्र | १ | ५०० | ५०० |
| २२ | पर्यटन प्रवर्द्धन योजना तथा कार्यक्रम | १ | ३२०० | ३२०० |
| २३ | विपद व्यवस्थापन | १ | २५०० | २५०० |
| २४ | मज्जे खोला लघु जलबिद्युत आयोजना वडा नं. ६ | १ | ५० | ५० |
| २५ | शान्ति सुरक्षा व्यवस्थान | १ | १०० | १०० |
| २६ | समपुरक कोष | १ | ४४७०० | ४४७०० |
| | **कूल जम्मा व्यय** | | | १६९४०१ |
| | **कूल आय** | | | |

अपिहिमाल गाउँ सभाको सम्वत २०८० असार ११ गते सोमबारका दिन बसेको सोह्रौं अधिवेशनको पाँचौं बैठकले यो विधेयक पारित गरेको हुँदा सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

..........................................

भक्त सिंह ठेकरे बोहरा

सभाध्यक्ष

अपिहिमाल गाउँपालिका गाउँ सभा

मितिः २०८०।०३।११